# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक


वर्ष-५ | अंक-२४ | २०७७ पुस २२ गते बुधबार | 6 January 2021 Wednesday | मूल्य रू. १०/-

## कर्णालीमा पर्यटक तान्दै तिलागुफा

**मिसन न्यूज**
**कालिकोट**

कालिकोट जिल्लाको तिलागुफा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण पर्यटकको पर्खाइमा छ। पर्यटकलाई भ्रमण गर्न लक्षित गरी तिलागुफा ओडारको तिलागुफा नगरपालिकाले पहल शुरु गरेको छ। तिलागुफा नगरपालिका वडा नं. ५ मा पर्ने गुफा संरक्षणका लागि स्थानीय सरकार जुटेको हो।

गाउँपालिकाको नामकरण नै यही गुफाको नामबाट भएको गुफामा पर्यटक भित्र्याउने उद्देश्यले तिलागुफा नगरपालिकाले भौतिक पूर्वाधार विकासको पहल गरेको हो। तिलागुफा नगरपालिकाका नगर प्रमुख रतन बहादुर शाहीले बताए। उनका अनुसार आफ्नो नगरपालिकाको प्रमुख पर्यटकीयस्थल यो गुफालाई देश तथा विदेशमा चिनाउन प्रचारको पहिलो आवश्यकता रहेको बताए। 'कर्णालीको प्रमुख पर्यटकीय गन्तव्य राराताल घुम्न आउने पर्यटकहरुले यो गुफा घुमेर जान सक्ने भएकाले पुर्वाधामा पहिलो प्रथामिकतामा राखेर पैदल बाटो निर्माण सम्पन्न गरेका हौं। अब पर्यटकको आवश्यकता छ', उनले भने। गाउँपालिकाको केन्द्रदेखि गुफासम्म जोड्ने पर्यटकीय सडकलाई वडा नं ५को



कालिकोटको तिलागुफा नगरपालिकामा रहेको तिलागुफा। तस्विर : मिसन न्यूज

केन्द्रबिन्दु चौडसम्म पुऱ्याउने काम भइरहेको छ। वडा अध्यक्ष टिकाराम न्यौपानेका अनुसार नगर पालिकाको समन्वयमा तिला संरक्षण समिति मार्फत वनभोजस्थल, प्रतिक्षालय र ताल वरि परि पैदलमार्ग निर्माण उपभोक्ता समिति मार्फत भइरहेको छ। निर्माण सम्पन्न गरिएको छ। आन्तरिक पर्यटकहरुको घुँइचो लाग्ने गरेको छ। अब बाह्य पर्यटकको खाँचो रहेको बताए। गुफाको पर्यटन प्रवर्द्धनका लागि जिल्लाबाट गुफाको अवलोकनका लागि आन्तरिक पर्यटकहरु जानेक्र्म बढ्दो रहेको छ। गुफाको अवलोकन गर्न आउने पर्यटकका लागि तिला नदीमा ढुंगा निर्माण गर्ने पनि बताउँदै अन्य सम्भावित पर्यटकीयस्थलको विस्तृत वृत्तचित्र र ब्रोसर तयार गरी प्रचार प्रसार गर्न थालिएको बताए। प्राकृतिक धार्मिक महत्व बोकेको सो गुफाको लम्बाइ ४० मिटर तथा चौडाइ करिब ३ मिटर रहेको छ। सो गुफाको बनावट प्राकृतिक रहेको हुनाले यसलाई जस्ताको तस्तै राख्ने र गुफासम्म पुग्नको लागि सडक व्यवस्थापन गर्नुपर्ने वडा अध्यक्ष न्यौपानेले बताए।

## गाउँमा अनुदानको सोलार वितरण

**मिसन न्यूज**
**कालिकोट**

नरहरिनाथ गाउँपालिकाले गाउँपालिकामा रहेका ४ हजार ७ सय ९५ घरधुरीलाई अनुदानमा सोलार वितरण गरिरहेको छ। उज्यालो गाउँपालिका बनाउने उद्देश्यका साथ बैकल्पिक उर्जा प्रवद्धन केन्द्र र नरहरिनाथ गाउँपालिकाको अनुदानमा ५० देखि ५५ वाटको सोलार चार हजारमा सोलार होम्स प्रालीले वितरण गरिरहेको छ। गाउँपालिका विद्युतीकरण नभएपछि वैकल्पिक ऊर्जा प्रवद्धन केन्द्रसँगको सहकार्यमा स्थानीयलाई अनुदानमार्फत सोलार प्रदान गरेको हो। सबै सोलारमा ११ हजार अनुदान दिइएको गाउँपालिकाले जनाएको छ। चाँडै विद्युतीकरण हुन सक्ने सम्भावना नरहेकाले सोलार होम्स नेपाल प्रालिको सहयोगमा गाउँपालिकाले अनुदानमा सोलार वितरण गरेको गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टले बताए। पहिलो चरणमा झण्डै २ हजार ७ सय ४७ सोला वितरण गरिसकिएको छ। गाउँपालिकाले अनुदानमा सोलार वितरण गरेपछि स्थानीय नागरिक भने खुसी भएका छन्। नरहरीनाथ गाउँपालिकाका स्थानियवासीहरु



अँध्यारोबाट मुक्ती पाउने भन्दै उनीहरु खुसी भएका हुन्। अँध्यारोमा बस्दै आएका नरहरीनाथ गाउँपालिकाका करिब ४ हजार ७ सय ९५ घर धुरीमा सोलार अनुदानमा वितरण भएपछि पालिका भित्र बसोवास गर्ने स्थानिय उज्यालोमा बस्न पाउने भएका छन्। नरहरीनाथ गाउँपालिकामा जलविद्युतको पहुँच नभएकाले वैकल्पिक उर्जाले गाउँपालिकामा अध्यारोमुक्त गाउँपालिका बनाउने उद्देश्यले पालिकाको सहयोगमा अनुदानमा सोला विरतण गरिएको सोलार होम्स प्रालिका संचालक रामबहादुर बटालाले बताए। उनले भने, 'बैकल्पिक उजाको १० हजार अनुदान र गाउँपालिकाको १ हजार अनुदानमा हामीले ५० देखि ५५ वाटका सोलार वितरण गरिरहेका छौं।' 'अव माघ १५ सम्म गाउँपालिकामा रहेका सम्पूर्ण घरधुरीमा सोलार पुऱ्याइ सक्ने छौं।

## खाद्य सुरुक्षा सचेतना

**कालिकोट**-जिल्लाका अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक ) कालिकोटको आयोजना र मानव अधिकार समूह खाँडाचक्रको सहकार्यमा खाँडाचक्र नगरपालिकामा आइतबार खाद्य र आवासको अधिकार विषयक सरोकार वालाहरु विच गोष्ठी सम्पन्न भएको छ। खाँडाचक्र नगरपालिकामा गठित मानवअधिकार समूहका संयोजक अविसरा अधिकारीको अध्यक्षतामा सञ्चालित गोष्ठीमा नगरपालिकाका प्रमुख जसीप्रसाद पाण्डेले अवको एक वर्ष भित्र रहेका खरका छाना मूक्त वनाउने प्रतिवद्धता व्यक्त गरेका थिए। साथै उहाले यस नगरपालिका भित्र रहेका ९ सय घर का खरका छाना मध्य १ सय ६५ घरको खरमुक्त गर्ने काम अन्तिम चरणमा पुगेको र वाँकी सवै घर आगामी अव २०७७/०७८ भित्र पुरा गर्ने बताए। कार्यक्रमको औचित्यमाथि प्रस्ट पार्दै इन्सेक जिल्ला प्रतिनिधि एवम पत्रकार कालीबहादुर मल्लले नागरिकको आधारभुत आवस्यकता भनेको आवास र खाद्य अधिकार भएकोले यी समस्या रहुन्जेल नगरपालिका सम्वृद्ध हुन नसक्ने धारणा राखेका थिए।

उनले शिक्षा, स्वास्थ्य खाद्य र आवास सम्बन्धी कार्यक्रममा बजेट वृद्धि गर्नु पर्ने बताताएका थिए। स्थानीय समूदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेहि वनाउने कार्यक्रम अन्तर ग खाडाचक्रमा स्थनीय समुहसँगको सहकार्यमा उक्त गोष्ठिी राखिएको हो। कार्यक्रममा कृषि विकास कार्यालय कालिकोटका प्रमुख भरत वस्नेत,खाँडाचक्र कृषि शाखा प्रमुखले खाडाचक्र नगरपालिकामा चारमहिना भन्दा धेरै खाना नपुग्ने घरधुरी भएकाले आत्मसनर्भर कृषि वनाउन लागि परेको वताए। खानेपानी कार्यालयका प्रतिनिधि देवानन्द धितालले खाडचक्र नगरपालिका १ नम्वर वडाको खानेपानी समस्याको समाधान गर्न नगर पालिका अग्रसर हुनु पर्ने धारणा राखेका थिए।

सबै मानिसको पर्याप्त मात्रामा पोषणयुक्त खाद्य पदार्थ माथिको आर्थिक, सामाजिक र भौतिक पहुँच, उपलब्धता र उपयोगको सुनिश्चितताको अवस्था खाद्य सुरक्षा हो।

सबैले खान पाउनु पर्छ, खाद्य अभावमा कसैको पनि ज्यान जोखिममा पर्नु हुँदैन र उपलब्ध खाद्यवस्तु स्वास्थ्यका दृष्टिले स्वस्थ्य अनि पोसिलो हुनु पर्छ भन्ने मान्यता खाद्य सुरक्षाको हो। सन १९८३ मा विश्व खाद्य तथा कृषि सङ्गठनले प्रत्येक व्यक्तिलाई आवश्यक परेको हरेक समयमा आधार भूत खाद्यान्नमा भौतिक आर्थिक पहुँच हुनुपर्नेमा जोड दिएको छ। नेपालको सन्दर्भमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले सक्रिय र स्वस्थ्य मानव जीवन यापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनुपर्छ भनी परिभाषित गरेको छ।

# सम्पादकीय...

## रोजगारको सृजना गरौं

विश्वव्याधि कोरोना भाइरसले जनस्वास्थ्यमा जति मात्रामा भय बढाएको छ, त्योभन्दा ठूलो सन्त्रासका रुपमा रोजिरोटीको संकट देखा पर्दैछ । त्यसका सुरुवाती संकेत प्रष्टै सामुन्नेमा देखिन थालेका छन् । आजको पहिलो चुनौती, सकेसम्म धेरै जीवनहरू कोरोना विषाणुबाट बचाउनु हो । मानिसको जीवनलाई पैसाले किन्न सकिने कुरै भएन । तर रोगभन्दा भोक ठूलो बन्दैब्न् गएको यो विश्वमा दोस्रो चुनौती झन् भयावह छ । पहिलो विश्वदेखि विकासोन्मुख देशसम्म ठूलो संख्यामा रोजगारी कटौती हुँदैछन् । कोरोना भाइरसकै कारण विश्व नयाँ समस्याबाट घेरिन पुगेको छ । नेपाल अछुतो रहने कुरै भएन ।

भाग्यवश पहिलो कोरोना संक्रमित देखिएको तीन महिना पुग्दासम्म कोरोनाबाट कोही नेपालीले पनि मृत्युवरण गर्नुपरेको छैन । संक्रमणको संख्या तीन सय छुन लाग्दासम्म भयानक अवस्था बेहोर्नु परेको छैन । तर यसको ठूलो असर भने हाम्रो अर्थतन्त्रले बेहोर्न थालिसकेको छ । नेपाल म्यागजिनले यसै सन्दर्भमा रोजगारी संकटबारे एउटा बिलकुलै नयाँ शृंखला थालेको छ । यसमा हामी स्वदेशभित्र औपचारिक क्षेत्रभित्र काम गर्ने कर्मचारीहरूदेखि सडक छेउमा मकै पोल्ने, इटा बोक्ने मजदुरका कुरा गर्ने छौं । आंशिक ज्यालादारीमा काम गर्ने मानिसहरूदेखि, अर्धरोजगारीका क्षेत्रमा काम गर्नेहरूप्रति हाम्रो ध्यान गएको छ ।

युरोप अमेरिकाजस्ता पहिलो विश्वमा श्रम बेच्न जानेहरूदेखि खाडी, मलेसिया, कोरियाजस्ता देशहरूमा पुग्ने नेपालीहरूले भोग्नुपरेका कोरोना नियतिबारे यो शृंखलामा कुरा गर्नेछौं । यो नदेखिने अदृश्य भाइरसका कारण रोजीरोटी गुमाउने ती श्रमिकहरू बारे राज्यले चासो देखाउन ढिलो हुँदैछ । तीमध्ये अधिकांश अब स्वदेश फिर्ने, अनि यहाँ पनि बेरोजगार नै हुने खतरा छ । के थाहा, यो रोजगारी संकटले अर्को अनपेक्षित विद्रोहका लागि परिस्थिति उर्वर पो बनाइदिने हो कि ? अन्यत्रका आर्थिक मन्दीका दृष्टान्तले यसै भन्छन् । समय छँदै योजना बनाउन अलि अलि गर्दै समय घर्किन थालेको छ । सरकारले नीति तथा कार्यक्रममा आफ्नो प्राथमिकता पक्कै खुट्याउला । अनि आउँदो बजेटले पक्कै यसबारे गम्भीर विचार गर्ला ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

रास्कोट नगरपालिकाको कार्यालय
कालिकोट

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

# प्रदुषणले चुनौती दिँदै

मिसन न्यूज
कालिकोट

जिल्लाको खाँडाचक्र नगरपालिका-१ मान्म बजारको फोहोरले खानेपानीको मुहानै प्रदुषित भएको छ । फोहोरका कारण चुलीमालिका सामुदायीक वन क्षेत्रमा रहेको आख्लेनी खानेपानी मुहान प्रदुषित भएको हो । उक्त फोहोरको व्यवस्थापनका लागि आग्रह गरेका छौं । तर अहिले पनि ओख्लेनीको जंगलमा नगरपालिकाले फालेको फोहोर जस्ताको तस्तै छ ।' जिल्ला सदरमुकाम मान्म बजारसँगै जोडिएको वन क्षेत्रमा बजारको फोहोरले पुरै भरिएको छ । जहाँ कुहिने नकुहिने सबै फोहोर हरु एकै ठाउँमा मिसाइएको छ । विगत लामो



बजारबाट निस्कने फोहोर ट्याक्टरमार्फत जथाभावी खुला रुपमा जंलगमा खसालेपछि चुलीमालिका सामुदायिक वन क्षेत्रभित्रपर्ने ओख्लेनी जंगल पुरै दुर्गन्धित भएको छ । ओख्लेनी जंगलमा रहेको पानीको मुहान फोहोर भएपछि कर्पुखोला खानेपानी आयोजनानै प्रभावित भएको छ । नगरपालिकाले ओख्लेनी जंगलमा फालेको फोहोरका कारण स्थानीय ३५ घरधुरीहरुले उपभोग गर्दै आएको कर्पुखोला खानेपानी आयोजनाको पानीमा दुषित वस्तुहरु बग्ने, सामान्य वर्षा हुँदा पनि पानी धमिलो हुने, पानीमा फोहोरको बुक्रो लागेर पानी बन्द हुने र गन्ध आउने गरेको स्थानीय तुलराज पाण्डेले बताए । उनले भने, 'नगरपालिकाले फोहोर व्यवस्थापन नगरेकै कारण सियालाका स्थानीयहरुले दुषित पानी खान बाध्य भएका छन् । हामीले पटक पटक नगरपालिकालाई समयदेखि कालिकोट उद्योग वाणिज्य संघ र खाँडाचक्र नगरपालिकाले बजारबाट निस्कने फोहोर ट्याक्टरमार्फत ढुवानी गरी खुला रुपमा जंगलमा खसाल्दै आएका छन् । खाँडाचक्र नगरपालिका-११ बरौंतु, बदालकोट जाने बाटोसँग जोडिएको उक्त जंगलमा जथाभावी रुपमा फालिएको फोहोरले दुर्गन्धित भएको छ । सदरमुकामको फोहोर ल्याएर पुरै जंगल नै दुर्गन्धित बनाएर आफुहरुलाई आवतजावत गर्नै समस्या परेको स्थानीय कौसीला रोकायाले बताइन् । उनले भनिन्, 'गाडीमा बजारको फोहोर ल्याएर खुला रुपमा बाटोको डिलबाट खसालिएको छ । यो बाटोबाट हामीलाई तरकारी ढुवानी गर्न समस्या भएको छ ।' खाँडाचक्र नगरपालिका-१ का वडा अध्यक्ष गणेशबहादुर

बाँकी ६ पेजमा.....

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय,कालिकोट
कर्णाली प्रदेश,नेपाल

# शिक्षामा नितिगत भ्रष्टाचार र सामाधान प्रयास



पवित्रकुमार शाही

शिक्षा क्षेत्रको मुख्य रोग भनेकै नितिगत भ्रष्टाचार मानिन्छ। शिक्षामा दिन प्रतिदिन बढ्दो छ । बाहिर हेर्दा नदेखिने तर भित्र चाही क्यान्सर जस्तो देखिने नितिगत भ्रष्टाचार हो । भ्रष्टाचार म गर्छु कसैले पनि नभन्ने तर, गर्न धेरैजसोले बाँकी नराख्ने काम भएको प्रस्ट छ । नितिगत भ्रष्टारको बजारलाई अविलम्ब नियन्त्रण गर्ने उपायको खोजि मात्र भएको  पाइन्छ। नितिगत भ्रष्टाचारले शिक्षा क्षेत्रलाई बर्बाद पार्‍यो भन्ने कुरा सार्वजनिक भईरहन्छ। सबैले यसको नियन्त्रण गर्ने पनि भन्छन्। तर, त्यसो भए भ्रष्टाचार गर्ने बाध्यता कसरी पर्छ ? चिप्लो गफले भ्रष्टाचार नियन्त्रण गर्न सकिन्न । शिक्षा क्षेत्रको सार्वजनिक ओहोदामा रहने लगभग अधिकांसले गर्ने तर, गरेको स्वीकार नगर्ने काम पनि नितिगत भ्रष्टाचार हो । व

यक्तिगत फाइदाको लागि सार्वजनिक हैसियतको दुरूपयोग गरि निति नियम नै वर्बाद हुने गरी गरिने नितिगत भ्रष्टाचार हो। निजी स्वार्थ र हितका लागि शिक्षामा राज्य शक्तिको दुरूपयोग गराउने गम्भीर अपराध हो। नितिगत भ्रष्टूाचारलाई सीमित शब्दको साहेता लिएर परिभाषित गर्न सम्भव छैन। नितिगत भ्रष्टाचारको परिभाषा गर्नु भन्दा यसको व्याख्या गर्नु उपयुक्त हुन्छ। भ्रष्टाचार शिक्षा र समाजको रोग हो। सरकारी संयन्त्रको धमिरा पजि हो । शिक्षित र सभ्य समाजको लागि नितिगित भ्रष्टाचार अन्त्य हुनु आवश्यक छ । यसले व्यक्तिको स्वभाव र शैलीलाई नकारात्मक बनाउँछ। व्यक्तिलाई व्यक्तिवादी बनाउँछ । व्यक्तिको अनुशासन र मर्यादामा स्खलन ल्याउँछ। समाजमा अस्वस्थ प्रतिस्पर्धा र कुसंस्कारलाई बढवा दिने कार्य गरेको हुन्छ । शिक्षामा नितिगत भ्रष्टाचारको कारणले संस्था र संगठनको लक्ष्य हासिल हुन सक्दैन। संस्थाको ख्याति र जनविश्वास गुम्दै जान्छ । समग्रमा राज्यको शिक्षा क्षेत्रको आर्थिक वृद्धि, विकास निर्माण र सेवा प्रवाहमा ह्रास आउँछ। सार्वजनिक सम्पत्तिको दुरूपयोग हुन्छ । शिक्षा क्षेत्रको शासकीय पद्धति र प्रक्रिया नै ह्रासउन्मुख हुन पुग्दछ ।

जनता र अन्तराष्टि्रय समुदायले शासन प्रक्रिया र शासकप्रति अपनत्व लिन र मान्यता दिन छोड्ने परिस्थिति सृजना हुन पुग्दछ । त्यसैले सारमा भन्न सकिन्छ शिक्षामा नितिगत भ्रष्टाचारले व्यक्ति, संस्था, समाज र राष्टूलाई अधोगतितर्फ लिने शासनको वैधता र र ाज्यको क्षमतालाई कमजोर बनाउँछ । शिक्षामा दलिय भागवन्डा तथा राजनीतिक भ्रष्टूाचारलाई प्रमुख समस्याका रूपमा सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार, सार्वजनिक पद र शैक्षिक अधिकारको दुरूपयोग, व्यापार व्यवसायमा घूस र अनुगमन तथा कारबाहीमा फितलोपना गरी पाँच वटा सघन भ्रष्टाचार हुने क्षेत्र पहिचान गरेको छ। शिक्षामा नितिगत भ्रष्टाचार नियन्त्रण विश्वका सबै मुलुकको चासो, समस्या र सरोकार रहेको विषय बनेको छ । प्रायः विश्वका सबै मुलुकले भ्रष्टाचार विरूद्धका कार्यका लागि संवैधानिक, कानुनी एवम् संस्थागत व्यवस्था गरेका छन्। भ्रष्टाचार विरूद्ध संयुक्त राष्टू संघीय महासन्धि २००३ ले राष्टूभित्र तथा अन्तराष्टि्रय स्तरमा हुने भ्रष्टाचार नियन्त्रणका लागि दीर्घकालीन उपाय सुझाएको छ ।

सरोकारवालाले कर्णालीको भूगोल सुहाउँदो शिक्षा नीति ल्याउन जोड दिनुपर्ने हुन्छ । शिक्षाको अधिकार र हाम्रो अवस्थालाई कर्णालीमैत्री नयाँ शिक्षा नीतिको खाँचो औंल्याउन जरुरी छ। भूगोल, कला संस्कृति, इतिहास, पर्यापर्यटनलाई समेट्ने खालको शिक्षा नीति निर्माण गर्न जरुरी रहेको छ । शिक्षा नितिमामा पछाडि रहेकै कारण कर्णाली सबै सूचकमा पछाडि परेको छ ।  राष्टि्रय शिक्षा नीति पनि जारी भइसकेको अवस्था पनि छ। प्रदेशले निर्माण गर्ने नीतिमा सबैका सुझाव समेटेर कर्णालीमैत्री बनाउन आबश्उक छ। जसले विद्यमान शिक्षा क्षेत्रका ऐन(कानूनलाई मार्गदर्शन गर्नेछ । शिक्षा नीतिमा कर्णालीको समग्र अवस्थालाई ध्यानमा राखिनुपर्ने हुन्छ। अनिमात्र शिक्षामा नितिगित भ्रष्टाचार न्युनिकरण हुन्छ। कतिपय स्थानीय तहले शिक्षासम्बन्धी नीति ल्याउन नसकेकाले विद्यालय शिक्षामा अराजकता हाबी भएको देखिन्छ। नितिगत भ्रष्टाचार नगर्न सरोकार वालाले प्रदेश शिक्षा नीति तर्जुमा गर्न आवश्यक छ । कर्णालीमा भ्रष्टाचार नियन्त्रणका लागि शिक्षा क्षेत्रका सबै सर ोकारवालाले सहकार्य, प्रतिरोध गर्नका लागि क्षमता वृद्धि र संस्थागत विकासका लागि पनि दिशानिर्देश गर्न जरुरी छ।

शिक्षा निति सधार गर्न भ्रष्टाचार निवारण ऐन, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, सार्वजनिक खरिद ऐन, राजस्व चुहावट (अनुसन्धान तथ नियन्त्रण ) ऐन,  सम्पत्ति शुद्धीकरण ऐनजस्ता कानुनी व्यवस्था र अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विशेष अदालत, न्याय परिषद्, राष्टि्रय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, महालेखा पर ीक्षकको कार्यालय, संसद एवम् संसदीय समिति, सैनिक विशेष अदालत जस्ता संस्थाहरूको पनि व्यवस्था गरेको पाइन्छ । तर, सकृय भएको पाइदैन । शिक्षामा नागरि कको अनुभूति र राष्टि्रय रूपमा गरिएका भ्रष्टाचार मापनका अध्ययन र अनुसन्धानको नतिजामा कर्णालीमा भ्रष्टाचारको निकै बढ्दो अवस्थामा रहेको पाइन्छ। शिक्षामा नितिगत भ्रष्टाचार हुनुमा धेरै कारणहरु छन्। नितिमा भ्रष्टाचार नियन्त्रण सबै राजनीतिक दल, सर कार र अन्य जिम्मेवार सरोकारवाला सबैको साझा चिन्ता र सहमतिको विषय बनेको छ । अर्कोतर्फ भ्रष्टाचार हुने प्रवृत्ति पनि मूल रूपमा राजनीतिक दल, सरकार र जिम्मेवार सरोकारवालाहरूमा नै रहेको अवस्था तथ्यहरूले देखाउँछ। त्यसैले भ्रष्टाचार हुने कारणहरूको पहिचान गरी कारणमा नै समाधान खोज्नु नितान्त आवश्यक छ । कर्णालीको शिक्षा क्षेत्रमा भ्रष्टाचार हुनुका कारण र समाधानका हिसाबले बहुआयामिक विषय हो । नेपालको कर्णालीमा राज्य प्रणालीमा रहेका व्यवस्था र हालको अवस्थालाई विश्लेषण गर्दा मुलभूत रूपमा देहायका कारणहरूले भ्रष्टाचारलाई बढवा गरेको देखिन्छ ।

**१.शिक्षा क्षेत्रमा आर्थिक भ्रष्टाचार**

नेपालीको दुर्गम कर्णालीको समाज उपभोगवादी चिन्तनको सिकार भएको छ। छिट्टै र जसरी पनि धनी बन्ने चाहना मौलाएको छ । शिक्षामा आर्थिक राष्टूवादको भावना शून्यप्रायः अवस्थामा छ । आधारभूत आवश्यकता परिपूर्तिका लागि समेत धेरै पैसाको आवश्यकता पर्ने अवस्था छ । र ाज्यले कर्णालीका नागरिकको आवश्यकतासँग जोडेर नागरिकलाई भविष्यप्रति सुनिश्चित गराउन सक्ने गरी सामाजिक सुरक्षाको प्रबन्धलाई व्यवस्थित गर्न सकेको छैन। आम नागरिकको आर्थिक गतिविधिलाई सरकारी निगरानी र नियन्त्रणमा राख्ने पद्धति र व्यवहार लाई संस्थागत गर्न सकिएको छैन । यस्तै खालका कारणले पनि शिक्षामा भ्रष्टाचार गर्ने दर बढेको पाइन्छ।

**२. शैक्षिक, सामाजिक तथा साँस्कृतिक**

शैक्षिक क्षेत्र सुधार गर्न समाजले भ्रष्टाचार जन्य गतिविधिलाई  मुकदर्शक बनेर सामाजिक मान्यता प्रदान गरेको अवस्था छ। कर्णालीवास्ले सम्पत्तिको स्रोतलाई भन्दा स्वरूपलाई महत्व दिएको छ । सामाजिक प्रतिष्ठालाई नैतिक सदाचारितासँग नभइ आर्थिक सामर्थ्यसँग जोड्ने जनमत पनि ठूलो संख्यामा छ। हाम्रो शैक्षिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक रितिरिवाजहरू देखासिकीको प्रभावमा भड्किलो बन्दै गएको छ। नागरिकमा नैतिक मूल्य र मान्यतामा ह्रास आएको छ। नितिगत भ्रष्टाचारविरूद्ध कर्णालीमा नागरिक पहरेदारीको अभाव छ। सशक्त र खोजपूर्ण पत्रकारिताको अभाव छ। यस्तै, कारणहरू पनि शैक्षिक नितिगत भ्रष्टाचार नियन्त्रण भन्दा बहिर जाँदै छ ।

**३. शिक्षामा उच्च राजनीति**

राजनीतिक नेतृत्वमा भ्रष्टाचार नियन्त्रण गर्ने साहस, इच्छाशक्ति, प्रतिवद्धता र व्यवहारिक अवलम्बनसहितको इमान्दारिताको कमी छ । नितिगत भ्रष्टाचारको निगरानी र नियन्त्रणका लागि स्थापना गरिएका संस्थाहरूमा राजनीतिकरण हाबी छ। त्यस्ता संस्थाको नेतृत्वको छनोट र कार्यप्रक्रियामा राजनीतिक दलको हस्तक्षेप रहने तथ्य कसैबाट छिपेको छैन। राजनीतिक नेतृत्वको स्वार्थ र मतिभ्रमका कारण नीतिगत भ्रष्टाचार हुने र जसका कारण सीमित व्यक्तिको स्वार्थ प्रेरित नीति बन्ने गरेको तीतो यथार्थ हामीले भोगिरहेका छौं। ट्रान्सपरेन्सी इन्टरनेसनले र ाजनीतिक संरक्षण विना प्रशासनिक तहबाट मात्रै ठूलो आकारको भ्रष्टाचार सम्भव नहुने र प्रायः सबै ठूला अनियमितता एवं भ्रष्टाचार का काण्डहरू राजनीतिक नेतृत्वको संलग्नता बिना कर्मचारीहरूको चाहनाले मात्र हुन प्रायः असम्भव छ। मुहान सफा भएमात्र तल जाने पानी सफा हुन्छ। त्यसैले राजनीतिक पद र जिम्मेवारीबाट गरिएका र गर्न नसकिएका कर्महरूले गर्दा शिक्षामा भ्रष्टाचार बढ्नुमा प्रधान भूमिका खेलेको तथ्य सबै अध्ययनहरूको निष्कर्ष हुने गरेको छ ।

**४.शैक्षिक तथा प्रशासनिक**

प्रशासनिक जिम्मेवारीमा रहने कार्यहरूलाई शैक्षिक नीति, विधि र प्रणालीबद्ध कार्यसंस्कार का आधारमा सम्पादन गर्न नखोज्ने बिचौलिया र माफिया प्रवृत्ति हाबी छ । पारदर्शिता, उत्तरदायित्व र जवाफदेहीताको अवस्था दयनीय छ। प्रशासन संयन्त्रमा नागरिकको सेवक र सहजकर्ता होइन शासक बन्न  चाहने प्रवृत्ति  बढी छ । नागरिकमैत्री सोच र सूचनाको हकको कार्यान्वयनमा अल्छ्याँइ र बेइमानी गरिन्छ। सार्वजनिक जिम्मेवारीलाई नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा सम्पादन गर्ने लगाव र निष्ठा विरलै भेटिन्छ । यिनै कारणले पनि भ्रष्टाचारको पारो उछालिएको छ ।

**५. व्यक्तिगत स्वार्थ**


परिश्रम विनाको सम्पत्तिमा लोभ गर्नु हुँदैन भन्ने पूर्वीय मान्यता रहेको छ। यसै मान्यता अनुसार कुनै समय हाम्रो देशलाई संसारले इमान्दारको देश भनी चिन्ने गर्दथ्यो । तर आज धन र सत्ताको मदमा यहाँको बहुमत समाज लहसिएको छ । बहकिएको छ । धनप्रतिको आसक्तिले विकृतिका छालहरू उछालिएका छन्। त्यसैले हाम्रो पहिचान फेरि एको छ। इमान्दारबाट भ्रष्ट देशको सूचीमा अग्रता हासिल गर्दै छौं । लोभ र व्यक्तिगत स्वार्थले हामीलाई एकोहोरो बनाएको छ । यहाँ दायाँबायाँ, अधिकार(कर्तव्य, आफ्नो र पराया छुट्याउने विवेकले स्थान गुमाउँदै गएको छ ।

# अब्बल नगर उपप्रमुख मोहनमाया

मिसन न्यूज
सुर्खेत

हरेक सफलतापछाडि लामो संघर्ष हुन्छ । निरन्तरको संघर्षले सफलताको बाटो तय गर्छ । वीरेन्द्रनगरकी मोहनमाया ढकालले जीवनमा गरेको संघर्ष र प्राप्त गरेको सफलता प्रेरणादायी छ । ३९ बसन्त पार गरेकी ढकाल प्रदेश र ाजधानी वीरेन्द्रनगर नगरपालिकाको उपप्रमुख हुन् । उनले अघि बढाएका योजना तथा कार्यक्रमहरू प्रदेश र स्थानीय सरकारहरूले पनि पनि अनुसरण गर्न थालेका छन् । सामान्य परिवारमा जन्मिएकी उनलाई अहिलेको अवस्थामा पुग्छु भन्रुने लागेको थिएन । साविक गर्पन गाविसमा उनको बाल्यकाल बित्यो । त्यहीँबाट उनले एसएलसी गरिन् । सानै उमेरमा वैवाहिक परिबन्धमा परिन् । जिम्मेवारी थपियो । एकातिर घरव्यवहारको जिम्मा अर्कोतिर पढाइ । परिवारको चाहना जागिर खाओस् भन्रुने थियो । र ाजनीतिक शास्त्रमा स्नातकोत्तर गरेकी उनले एलएलबीसमेत गरिसकेकी छन् । भन्छिन् 'उपप्रमुखले कानुन पढ्नै पर्ने रहेछ।' हाम्रोजस्तो नेपाली समाजमा बुहारीहरूले नेतृत्व गर्नु सामान्य कुरा होइन। घरपरिपारसँगै बच्चा काखमा च्यापेर संघर्ष गरेको स्मरण गर्दै उनी भन्छिन्, 'विगतलाई हेर्दा आफ्नै जीवन टेलिफिल्म जस्तो लाग्छ।'विवाहपछि उनले जिम्मेवारीसँगै आफ्नो व्यक्तित्व विकासलाई पनि सँगसँगै अघि बढाइन् । उनी भन्छिन् 'विवाहअगाडि मलाई सामाजिक





काम र नेतृत्वको बारेमा केही थाहा थिएन, विवाहपछि मात्र सबै कुराको अनुभव गर्न थाले ।' आफू यहाँसम्म पुग्रुनुमा श्रीमानको साथ र सहयोग महत्रुवपूर्ण रहेको उनी बताउँछिन् । जतिबेला महिला राजनीतिमा विरलै मात्रामा आउँथे । आए पनि नाममात्रको राजनीति हुन्थ्यो । महिलाले राजनीति गर्नहुँदैन भन्ने धारणा थियो । तर उनले उक्त धारणालाई चिरेरअघि बढिन् । चुनौतीको सामना गरिन् । तर, हिम्मत हारिनन् । यही हिम्मत नै उनको सफलताको सिँढी बन्यो । २०६२ सालमा विद्यार्थी राजनीतिबाट सुरु भएको उनको यात्रा अखिल नेपाल महिला संघ हुँदै तत्कालीन नेकपा एमालेको जिल्ला कमिटी सदस्य, सचिवालयसम्म पुग्यो । २०७४ सालको स्थानीय तहको निर्वाचनमा अत्याधिक मत प्राप्त गरेर उपमेयरमा विजय प्राप्त भइन् । उपप्रमुख हुने वित्तिकै छोरीमैत्री नगरपालिकाको रुपमा विकास गर्नको लागि छोरी जन्म बचत खाता कार्यक्रम सुरुवात गरिन् । जुन् एकदमै लोकप्रिय बन्यो । नगरपालिकालाई छोरीमैत्री बनाउनको लागि अहिले छोरी जन्मेपछि बैंकमा एक हजार रुपियाँको खाता खोलिदिने गरिएको छ । लिंग पहिचान गरी गर्भपतन गर्ने प्रवृत्तिले नगरपालिकामा जन्मने छोरीहरूको संख्या कम हुन थालेपछि यस्तो अभियान थालिएको उनी बताउँछिन् । भन्छिन्, 'छोरी जन्मिएकोमा गर्व होस् भन्ने उदेश्यले पनि यो कार्यक्रम पहिलो नगरसभाबाट पास गरिएको हो ।' अहिले यो कार्यक्रम कर्णाली प्रदेश सरकारले पनि लागु गरेको छ भने जिल्लाका अन्य स्थानीय तहहरूमा पनि यो कार्यक्रम सुरु भएको छ । त्यसैगरी महिला तथा किशोरीको स्वास्थ्यमा सुधार गर्नको लागि नगरपालिकाका निःशुल्क प्याड वितरणको कार्यक्रम पनि लागु भएको छ । अहिले किशोरीहरू नजिकको स्वास्थ्य संस्थामा गएर प्याड लिएर आउँछन् । त्यतिमात्र होइन उनीहरू स्वास्थ्य जाँच पनि गराएर आउन थालेका छन् । त्यसैगरी महिला स्वरोजगार अर्न्तगत लोकप्रिय

**बाँकी ६ पेजमा.....**

## प्रकोप नियन्त्रणको सूचना


**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**






# खाद्यान्नमा आत्मनिर्भर बनाउन चुनौती



मिसन न्यूज
कालिकोट

कर्णालीलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन चुनौती देखिएको छ। हाल प्रदेशका अधिकांश जिल्लामा स्थानीय उतपादनले वर्षभरी खान पुग्दैन। यस्तो अवस्थामा सरकारले ति जिल्लामा अनुदानमा चामल बिक्री गर्दै आएको छ। सिँचाइ सुविधा र उन्नत कृषि प्रविधिको अभावमा प्रदेशमा उत्पादन बढाउन नसकिएकाले पनि खाद्यान्नमा आत्मनिर्भर बनाउन कठिन रहेको कृषि विज्ञाहरु बताउँछन्। कर्णालीका हिमाली जिल्लाका लागि चैत/बैशाख खेतीपातिको समय हो। उच्च पहाडी र हिमाली क्षेत्रमा चैत/बैशाखमै धान र मकै लगाउने गरिन्छ। तर गएको चैत/बैशाखमा कोरोना महामारी फैलियो। विश्व महामारीमा फैलिएको कोरोनाका कारण विदेश र शहर पसेकाहरु पनि गाउँ फर्किए। कोरोना छिट्टै अन्त्य हुने अवस्था थिएन। रोजगारी र अन्य कामले शहर पसेकाहरु गाउँ फर्किएपछि कर्णालीमा खाद्यान्न संकट हुने आँकलन गरियो। अनि प्रदेश सरकारले हरेक जिल्लामा खाद्यान्न संचित र उत्पादन बढाउन एकैपटक २० करोड लगानी गऱ्यो। खाद्यान्न संकट हुने भन्दै बाँझो जमिन जोत्ने अभियानलाई प्रदेश सरकारले प्रोत्साहन गऱ्यो। बाँझो जमिन जोत्न प्रोत्साहन गर्न किसानलाई २० करोड अनुदान दियो। मल, वीऊ तथा बारी सुधार कार्यक्रम चलायो। झण्डै पाँच प्रतिशत उत्पादन पनि बढ्यो। त सोचेअनुरुप उत्पादनमा भने बृद्धि भएन। उत्पादनमा बृद्धि नहुनुको एउटै कारण थियो सिँचाइ सुविधाको अभाव। किनकी कर्णालीको कुल खेतीयोग्य जमिन मध्ये एकलाख ४८ हजार पाँचसय ४५ हेक्टर जमिनमा आकाशे पानीकै भरमा खेती गरिन्छ। जमिन बाँझो नराख्ने र कृषिकलाई प्रोत्साहन जस्ता कार्यक्रम गरिए पनि सिँचाइ सुविधा नभएकै कारण उत्पादन बृद्धि हुन नसकेको कर्णाली प्रदेशका कृषि विकास निर्देशनालयले जनाएको छ। कृषि विकास निर्देशक चित्रबहादुर रोकायाका अनुसार कुल खेती गरि एको दुईलाख १८ हजार आठसय ८० हेक्टर क्षेत्रफल मध्ये ६८ हजार तीनसय ३५ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा पुगेको छ। जसमध्ये पनि तीन हजार आठसय ३३ हेक्टर

बाँकी ८ पेजमा.....


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।

२. साझँ पख सधै ज्वरो आउनु।

३. खाना खान मन नलाग्नु।

४. तौल (वजन) घट्नु।

५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

## प्रदुषणले चुनौती............................

शाहीले बजारको फोहोरको उचित व्यवस्थापन गर्ने ठाउँको अभावमा खुला रुपमा जंगलमा फोहोर फाल्नु परेको बताए। उनले भने, 'बजारको फोहोर फाल्नका लागि डम्पिङ साइड छैन्। डम्पिङ साइड निर्माणका लागि वडाबाट पाँच लाख बजेट विनियोजन गरी निर्माणको काम सुरुवात गरेका छौं। डम्पिङ साइड निर्माण नभएसम्म जंगलमा फोहोर फाल्नु हाम्रो बाध्यता हो।' खाँडाचक्र नगरपालिका प्रमुख जसिप्रसाद पाण्डेले फोहोर व्यवस्थापनका लागि समस्या भएको बताए। उनले भने, 'मान्म बजारमा सार्वजनिक जग्गाको पनि अभाव छ। सियालाका नागरिकले जंगलमा फोलेको फोहोरका कारण खानेपानीको मुहान नै प्रदूषित भएको भनेर गुनासो गरेका छन्। अबको १५ दिनभित्र त्यहाँको फोहोरलाई व्यवस्थित पुर्ने र बजारको फोहोर फाल्नका लागि विकल्पको ठाँउ खोजी गर्छौं।'

## अब्बल नगर ..........................

कार्यक्रम महिलाका लागि अटो रिक्सा रहेको छ। जुन् कार्यक्रम अर्न्तगत महिलालाई अटो चालकको तालिम प्रदान गरेर अटो खरिदको लागि अनुदानको समेत व्यवस्था भएपछि पछिल्लो समय वीरेन्द्रनगरमा महिलाले अटो चलाएर जिवन निर्वाह गर्न थालेका छन्। अहिले करिव ३० जना महिलाले अटो चलाएर राम्रो आम्दानी गरिरहेका छन्। १० जना महिलाले तालिम लिदै गरेका छन्। उनीहरूले अटो चलाउन थालेपछि अन्य महिलाको पनि यस व्यवसायतर्फ आर्कषण बढ्न थालेको छ। त्यसैगरी बजारका महिलाहरू दुध डेरी र मसला उद्योग सञ्चालन गरेका छन् भने गाउँमा बाखापालन, भैसीपालन तथा बंगुरपालन व्यवसायलाई जोड दिएका छन्। जसबाट उनीहरू राम्रो आम्दानी गर्न सफल भएका छन्। यस्तै नगरमा निःशुल्क एम्बुलेन्स सेवासँगै यहाँका १६ वटै वडामा पाठेघर खस्ने समस्या भएका महिलालाई निःशुल्क पहिचान गरी उपचार पनि पनि गरेपछि महिलाहरू खुशी व्यक्त गरेका छन्। 'महिलाहरू आर्थिक रुपमा परनिर्भर भएकै कारण हिसां हुने गरेकाले महिलालाई आर्थिक रुपमा सक्षम बनाउने अभियानमा छौ' उनी भन्छिन्, 'नगरमा महिला स्वरोजगार कार्यक्रमलाई विशेष जोड दिएका छौ। जुन् सफल पनि भएको छ।' महिला स्वरोजगारसँगै कोरोना व्यवस्थापनमा समेत सफल नेतृत्व गरेकी थिइन्। नगरपालिकाका मेयरको व्यवस्तताले उपस्थित हुन नसकेपछि कार्यबहाक मेयरको रुपमा नेतृत्व गरेकी थिइन्। कोरोनाको संक्रमण हुने डरले धेरैजसो जनप्रतिनिधिहरू घरमै बस्थे तर उनी हरेक क्वारेन्टिन र आइसोलेसन सेन्टरमा पुग्ने गर्थिन्। त्यतिबेला राहत दिन घर घरमा पुगेकी थिइन्।

इकागज डटकमबाट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु


| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# राष्ट्रिय सभाको रमिता

मिसन न्यूज
काठमाण्डौं

प्रतिनिधिसभा विघटन हुँदा पनि ज्युँदो रहेको भनिएको राष्ट्रिय काम नपाएर रमितेस्थलझैं देखिएको छ। संविधानतः संसदको अधिवेशन ६ महिनामा एक पटक बस्नैपर्ने भएकाले पुस १७ गतेदेखि राष्ट्रिय सभाको बैठक शुरु गरिएको हो। पहिलो दिन एउटा र २३ गते आज दोस्रो बैठक बसेको छ। सभाको अधिवेशन अन्त्य भएन भने सम्भवतः शुक्रबार पनि बैठक बस्नेछ। राष्ट्रियसभाले सभा सञ्चालनको लागि बिजनेस केही पनि नपाएपछि रमिता देखाउने महिनाको संवैधानिक व्यवस्थाको पालना गरिएको देखिएपछि अब राष्ट्रियसभाको बैठक अन्त्य गर्नु नै उपयुक्त हुने बालुवाटारको निश्कर्ष रहेको बताइन्छ। अर्कोतर्फ,राष्ट्रिय सभामा सरकारी पार्टीको सांसदको संख्या फुटेर २४(२४ भएको र विपक्षीसमेत मिसिदा स्वतः अल्पमतमा रहेको भन्ने समाचारले प्रमुख पाएपछि सरकार थप दबाबमा देखिन्छ। 'नत्र हाउस सञ्चालन गरेर विधेयकलगायतका विषयमा एकसरो छलफल र निर्णय गराउने मुडमा सरकार थियो' सरकार निकट स्रोत बताउँछ। अहिले राष्ट्रिय सभामा १८ वटा विधेयक दर्ता छन्। प्रतिनिधिसभामा भएका ३९ वटा सबै विधेयक संसद विघटनपछि



ठाउँझैं बनेको हो। स्रोतका अनुसार 'दुई वटा हाउसको कम्बिनेशनमा रहेको संसदमा एउटा नहुने बित्तिक्कै लङ्गडो हुनु स्वाभाविक हो।' अर्कोतर्फ बिजनेश नहुँदा पनि बैठक चलाउँदा सरकारको विरुद्ध माननीयहरू उफ्रिएर फोकटमा समाचार बन्ने निश्कर्ष निकालिएको छ। छ मृतप्रायः भएको छ। त्यसमध्ये राष्ट्रिय सभाबाट पारित भएर गएका छ वटा हुन्। राष्ट्रिय सभाको शुरुको दिनको बैठकमा सरकारको पक्षमा कसैले पनि बोलेको सुनिएन। तर, आजको बैठकमा छुट्याइएको विशेष समयमा केही माननीयले पक्ष र विपक्षमा बोलेका छन्। जनआस्था न्यूजबाट

# सुन्दरीद्वारा सम्राटलाई शान्तिको सन्देश

मिसन न्यूज

अशोक मौर्यबंशका तेस्रा सम्राट हुन्। भारतमा मौर्य वंशको जग बसालेका चन्द्रगुप्तका नाति र विन्दुसारका पुत्र। जन्म पाटलीपुत्र (पटना) मा, इशापूर्व ३०५। विन्दुसार मगध सम्राट हुँदै, उनका जेठो पुत्र सुशिम तक्षशिलामा प्रान्तपाल थिए। यसबीच त्यहाँ विद्रोह भयो। विद्रोह दबाउन पठाइदिए। कलिंगमा अशोकको मत्स्यकुमारी कारावाकीसँग प्रेम भयो। अशोक सम्राट बनेपछि उनैलाई तेस्रो महारानी बनाए। कारुवाकीले एउटी छोरी (टिभला) जन्माइन्। शाहरुख खान अभिनित हिन्दी चलचित्र 'अशोका' मा उनै कारुवाकीको भूमिका करिना कपुरले निभाएकी छन्। तक्षशिलामा विद्रोह भएको केही समयपछि उज्जैनमा पनि विद्रोह भयो। विन्दुसारले विद्रोह



नसकेपछि सुशिमले पिता विन्दुसारसँग भाइ अशोकलाई पठाइदिन आग्रह गरे। अशोक तक्षशिला पुगेर विद्रोहलाई निर्ममतापूर्वक दबाउन सफल भए। भाइको पराक्रमबाट सुशिम भयभित बने। बाबुको मृत्युपश्चात् सम्राट बन्ने सपनामा अशोकलाई बाधा सम्झे। त्यसैले विन्दुसारलाई भनेर अशोकलाई कलिंगतिर निर्वासनमा दबाउन त्यहाँ पनि अशोकलाई नै पठाए। विद्रोह दबाएपछि पनि अशोक फर्केनन्। दाजु सुशिमले गुप्तचरहरु खटाएका थिए। उनीहरुबाट मारिने डरले अशोकले बौद्ध भिक्षुको भेष धारण गरी उनीहरुसँगै बस्न थाले। पछि विन्दुसारले उनलाई उज्जैनको भाइसराय (राजाको प्रतिनिधि) नियुक्त गरे। जनआस्था

# साताको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। |
| | वृष : | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। |
| | मिथुन : | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| | कर्कट : | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्‍याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। |
| | सिंह : | बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। |
| | कन्या : | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। |
| | तुला : | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। |
| | वृश्चिक : | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्‍याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। |
| | धनु : | चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला। |
| | मकर : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। |
| | कुम्भ : | मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। |
| | मीन : | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |

# खाद्यान्नमा आत्मनिर्भर........................

क्षेत्रफलमा मात्रै बर्षभरी सिँचाइ हुन्छ । बाँकी ३० हजार तीनसय दुई हेक्टर क्षेत्रफलमा आंशिक रुपमा सिँचाइ हुन्छ। यहीकारण कर्णालीमा न्यून उत्पादन हुने गरेको कृषि निर्देशनालयले जनाएको छ । उसो त कर्णालीको अधिकांश जमिन खेतीयोग्य छैन। ठूलठूला पहाड, जंगल र उच्च हिमाली भेगका कारण खेती सम्भव नभएको हो। प्रदेशको कुल २५ लाख २५ हजार ुईसय ७५ हेक्टर क्षेत्रफल मध्ये झण्डै १२ प्रतिशत अर्थात दुईलाख ९९ हजार तीनसय ३९ हेक्टर क्षेत्रफलमा खेतीयोग्य जग्गा छ। जसमध्ये दुईलाख १६ हजार आठसय ८० हेक्टर क्षेत्रफलमा मात्रै खेती गरि एको छ। बाँकी ८२ हजार चारसय ५९ हेक्टर क्षेत्रफल बाँझै रहेको छ। सिँचाइ सुविधाको र आधुनिक खेती प्रणालीको अभावका कारण खेतीयोग्य जमिन बाँझै रहेको निर्देशक रोकायाले जनाए। उत्पादन बढाउन र प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सिँचाइ क्षेत्रमा लगानी गर्नुको विकल्प नहरेको रोकाया बताउँछन्।

**विकल्पमा थोपा सिँचाइ प्रविधि**

कर्णालीको अधिकांश भूभाग डाँडाकाँडा छ। पहाड तथा हिमाली क्षेत्रमा पानीको स्रोत छैन। कर्णाली र भेरी जस्ता ठूला जलस्रोतहरु कर्णाली प्रदेशमै छन्। तर भेरी र कर्णाली नदीबाट डाँडाकाँडामा सिँचाइ पुऱ्याउन अर्को सताब्दी नै कुर्नुपर्ने देखिन्छ। किनकी नदीको पानी डाँडामा पुऱ्याएर सिँचाइ गर्ने क्षमता कर्णाली प्रदेशसँग छैन। ठूला आयोजनाहरु सञ्चालन गर्न अर्बौं बजेट चाहिन्छ। आधा जनसंख्या गरिब रहेको प्रदेशमा नदीको पानी डाँडामा लिएर सिँचाइ गर्न तत्काल सम्भव छैन। यही कारण कृषि उत्पादन बढाउन थोपा सिँचाइ प्रविधि उपयुक्त विकल्प भएको कर्णाली कृषि विकास निर्देशनालयको निस्कर्ष छ। 'भेरी र कर्णाली नदीको पानी डाँडामा लिएर सिँचाइ गर्न सम्भव छैन' निर्देशक रोकाया भन्छन्, 'हिमाली र पहाडी क्षेत्रमा थोपा सिँचाइ प्रविधि उपयुक्त विकल्प हो।' पहाडका डाँडाकाडामा मुलहरु संरक्षण, पानी पोखरीको निर्माण र खोलाका किनारमा लिफ्ट प्रविधिबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने रोकाया बताउँछन्। सिँचाइ थोपा प्रविधि र लिफ्ट आयोजनाबाट सञ्चालन गर्नसके उत्पादन बढाउन सकिने निर्देशनालयले जनाएको छ।

**८२ हजार हेक्टर जमिन बाँझै**

कर्णाली प्रदेशमा दुई लाख ९९ हजार तीनसय ३९ हेक्टर खेतीयोग्य जमिन छ। खेतीयोग्य जमिन मध्ये ८२ हजार चारसय ५९ हेक्टर क्षेत्रफल जग्गा भने बाँझै छ। सरकारी तथ्याङ्कअनुसार सुर्खेतमा सबैभन्दा बढी १७ हजार सातसय ५६ हेक्टर खेतीयोग्य जग्गा बाँझै छ। रुकुमपश्चिममा १० हजार दुईसय ३४, सल्यानमा ६ हजार ६ सय १७, दैलेखमा आठ हजार ६ सय २४, जाजरकोटमा आठ हजार ६ सय ८६, डोल्पामा दुई हजार सातसय ४०, जुम्लामा १४ हजार ५१, कालिकोटमा नौ हजार दुईसय ३४, मुगुमा नौ सय १९ र हुम्लामा तीन हजार पाँचसय ९८ गरी कुल ८२ हजार चार सय ५९ हेक्टर खेतीयोग्य जमिन बाँझै रहेको हो। युगन्यूजबाट

## बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**साधारण लक्षण भएमा घरमै वसौं। आवश्यक परेमा नजिकको स्वास्थ्य संस्थामा जाऔं। भिडवाड, भौतिक दुरी कम हुने र भेन्टिलेसन पर्याप्त नभएका स्थानहरुबाट टाढाँ रहौं, कोरोनाबाट बचौं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर,६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत